राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३१४ | २०८३ साउन ११ गते सोमवार | (Monday, 27 July, | पृष्ठ ४ | मुल्य रु. ५




**मधेशको कैलास 'टुटेश्वर' एवं नेपालको बाबाधामस्थित टुटेश्वरनाथ महादेव मन्दिरको दर्शन, पूजा–आराधना तथा श्रावणी बोलबम मेलामा सहभागी हुन आउनुहुने सम्पूर्ण श्रद्धालु भक्तजनहरूलाई हार्दिक स्वागत तथा मंगलमय शुभकामना ।**

## मा. प्रमोद कुमार महतो

प्रतिनिधिसभा सदस्य

महोत्तरी क्षेत्र नं–१

राष्ट्रिय स्वतन्त्र पार्टी

राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३१४ | २०८३ साउन ११ गते सोमवार | (Monday, 27 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# मधेशका गृहमन्त्री : जहाँ पुग्यो, त्यहीँ तनाव !

"

नाव्या होटलका सञ्चालक सुधीर अग्रवालको भनाइपछि झन् आक्रामक बनेका गृहमन्त्री फकिरा महतोले तुरुन्तै थुन्न निर्देशन दिएका भिडियो सामाजिक सञ्जालमा 'भाइरल' छ ।

***



कमलेश ठाकुर

*जनकपुरधाम, साउन १० गते ।*

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो यतिखेर चर्चा र आलोचनाको केन्द्रमा छन् । खासमा उनले धनुषाको जनकपुरधाममा फुटपाथ व्यवस्थापन, होटेलको अनुगमन तीव्र पारेपछि चर्चा र आलोचनाका पात्र बनेका हुन् ।

मन्त्री महतोसहितको टोली अनुगमनका क्रममा बिहीबार (साउन ७) महोत्तरीको बर्दिबासस्थित होटेल नाव्या पुगेको थियो । लवालस्करसहित अनुगमनमा पुग्दा होटेलका अतिथि समेत आत्तिएका थिए । ठूलै काण्ड भएछ कि भनेर अतिथि होटेलका स्टाफसँग सोधपुछ गरिरहेका थिए । अनुगमनका क्रममा दुई बोतल फेन्टा, करिब १५ केजी मैदा, १ बट्टा अचार म्याद गुज्रेको भेटिएको महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी सञ्जयकुमार पोखरेलले जानकारी दिए ।

त्यसपछि प्राविधिक टोलीले होटेललाई २० हजार रुपैयाँ जरिबाना गऱ्यो । तर, सामान नष्ट गर्ने बेलामा होटेल सञ्चालक सुधिर अग्रवालसँग मन्त्री महतोको विवाद भएको थियो । महतो होटेलअगाडि सामान नष्ट गर्ने अडानमा थिए । होटेल सञ्चालकले त्यसमा असन्तुष्टि जनाए ।

महतोले होटेलकै अगाडि म्याद गुज्रेको सामान नष्ट गर्न प्राविधिक टोलीलाई निर्देशन दिएपछि सञ्चालक अग्रवाल आक्रोशित बनेका थिए । उनले भने, "मन्त्रीजी, यो गुन्डा शैली भयो । सार्वजनिक पद धारण गरेको व्यक्तिले यसरी बोलेको/गरेको सुहाउँदैन ।"

सञ्चालक अग्रवालको भनाइपछि झन् आक्रामक बनेका मन्त्री महतोले तुरुन्तै थुन्न निर्देशन दिएका भिडियो सामाजिक सञ्जालमा 'भाइरल' छ । लगत्तै अग्रवाललाई मन्त्रीका सुरक्षा गार्डले दुर्व्यवहार गर्दै प्रहरीको भ्यान भएको ठाउँमा पुऱ्याउँछन् । सामान नष्ट गरेको फोटो/भिडियो लिँदै 'डन्ट माइन्ड' भनी अनुगमन टोली होटेलबाट बाहिर निस्किएको थियो ।

होटेल सञ्चालक अग्रवाल निराश छन् । होटेलमा अनुगमनमा पाइएको एउटा र बाहिर मन्त्रीले नै अर्कै जानकारी दिएको उनको गुनासो छ । "पहिलो कुरा, त्यो कुनै पनि हालतमा अनुगमन होइन । यो विशुद्ध रूपमा गुन्डागर्दी हो," उनले भने, "कहाँको होटेल अनुगमनमा १०० जना जान्छन् ? कुन प्रकारको अनुगमनमा ४० जना किचेनमा जान्छन् ? कुनै गल्ती नभेट्दा पनि सेफलाई थुनिदिऊँ कसरी भन्न सक्छन् ? त्यसकारण यो अनुगमन होइन, असुली र स्टन्ट हो ।" एक महिनाअघि मात्र खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको टोलीले अनुगमन गरेर गएको उनले बताए । त्यसपछि पटक-पटक एकै ठाउँमा अनुगमन गर्नु 'मिडिया ट्रायल' र असुलीधन्दा भएको उनको आरोप छ । मन्त्री महतोले तीन लाख रुपैयाँ जरिबाना गर्ने धम्की दिएका थिए । तर, प्राविधिक टोलीले २० हजार मात्र जरिबाना गरेको उनले बताए ।

यस्तै, जनकपुरधाममा फुटपाथ व्यवस्थापन र होटेल अनुगमनका क्रममा केही व्यापारीसँग मन्त्री महतोको विवाद भएको थियो । बाबाको ढाबा, बाजेको सेकुवाजस्ता होटेलले मन्त्री महतोको शैलीप्रति असन्तुष्टि जनाएका थिए ।

**संग्रहालय बन्द**

अनुगमनकै क्रममा मन्त्री महतो असार २८ गते जानकी मन्दिर पुगेका थिए । उनले जानकी मन्दिर मातहतको संग्रहालय र विवाहमण्डप (मरवा)को अनुगमन गरेका थिए । यी दुवै ठाउँमा सेवाग्राहीसँग लिइने शुल्क पारदर्शी नदेखिएको भन्दै उनले कागजात र पैसा राख्ने थैली नियन्त्रणमा लिएका थिए ।

दुई दिन संग्रहालय र विवाहमण्डप बन्द भएपछि जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले पत्रकार सम्मेलन गरी मन्त्रीले अनुगमनका नाममा गुन्डागर्दी गरेको आरोप लगाएका थिए ।

"जुन दिनदेखि फकिरा महतो गृहमन्त्री भए, त्यही दिनदेखि जानकी मन्दिरमाथि प्रहार गर्दै छन्, फेरि यिनको प्रहार कानुनसम्मत छैन," महन्थ दासले भनेका थिए, "गृहमन्त्रीजस्तो व्यक्ति गुन्डाको स्टाइलमा जानकी मन्दिरमा थर्काउँछन् । त्यो हुँदैन ।"

गृहमन्त्रीले प्रमुख जिल्ला अधिकारीलाई पत्र लेख्नुपर्ने, प्रमुख जिल्ला अधिकारीले गुठीलाई पत्र लेख्नुपर्ने र गुठीले जानकी मन्दिरका महन्थलाई सोधपुछ गर्नुपर्ने उनको धारणा थियो । तर, मन्त्री महतोले कुनै प्रक्रियाको पालना नगरी अनुगमन गरिरहेको उनको जिकिर छ ।

**मन्त्रीसँग नोकझोक हुँदा १८ दिन थुना**

गत वर्ष चैत १९ गते फुटपाथ, अव्यवस्थित टहरा (छाउनी) हटाउन जाँदा पनि मन्त्री महतो र व्यवसायीबीच विवाद भएको थियो । जनकपुरधाम उपमहानगरपालिका-१, रेल्वे स्टेसनस्थित महतो र व्यवसायीबीच विवाद भएको हो । विवादपश्चात् व्यवसायी अमितकुमार साहलाई पक्राउ गरिएको थियो । उनी १८ दिन थुनामा बसे । उनीमाथि मन्त्रीकै निर्देशनमा अभद्र व्यवहारको मुद्दा

- बाँकी पृष्ठ ३ मा

# टुटेश्वरधाममा साधुसन्तको जमघट

## भण्डाराका लागि उद्योग वाणिज्य संघद्वारा खाद्यान्न सहयोग




सरु लामा

*बर्दिबास, साउन १० गते ।*

मधेशको कैलाशका रूपमा परिचित टुटेश्वरनाथ महादेव मन्दिरमा साधुसन्तका लागि सञ्चालन हुने भण्डारालाई बर्दिबास उद्योग वाणिज्य संघले खाद्यान्न सहयोग गरेको छ । शनिबार आयोजित एक कार्यक्रमबीच संघका अध्यक्ष दीपक कार्कीले मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राजाराम यादवलाई चामल, दाल, तेललगायतका आवश्यक खाद्यान्न सामग्री हस्तान्तरण गरेका हुन् ।

श्रावण महिनाभर मन्दिरमा आउने साधुसन्त तथा श्रद्धालु भक्तजनका लागि सञ्चालन हुने भण्डारामा सहयोगस्वरूप प्रदान गरिएको खाद्यान्न सामग्री प्रयोग गरिने जनाइएको छ । नेपालका विभिन्न जिल्ला तथा भारतका विभिन्न स्थानबाट आएका साधुसन्तहरू श्रावण महिनाभर टुटेश्वरनाथ मन्दिर परिसरमा बस्ने गरेका छन् । उनीहरूका लागि मन्दिरमा नियमित रूपमा भण्डारा सञ्चालन हुँदै आएको छ ।

खाद्यान्न हस्तान्तरण कार्यक्रममा संघका पदाधिकारी, व्यवसायी, स्थानीय समाजसेवी तथा मन्दिर व्यवस्थापन समितिका सदस्यहरूको उपस्थिति रहेको थियो ।

- बाँकी पृष्ठ ३ मा

# तीन दलीय गठबन्धन कायम रहने दाबी



द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन १० गते ।*

मधेस प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले मधेसमा नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीसहितको तीन दलीय गठबन्धन नै कायम रहने दाबी गरेका छन् ।

सत्ता साझेदार दलहरू नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीसँगको सम्बन्धमा कुनै खटपट नआएको बताउँदै उनले मधेसमा आफ्नो नेतृत्वको सरकारलाई कुनै समस्या नरहेको प्रस्ट पारे ।

मुख्यमन्त्री यादवले राजनीतिमा रातारात धेरै ठुलो परिवर्तन आउन सक्ने भए पनि अहिलेसम्म केन्द्र र प्रदेश तहसम्मको सहमति अनुसार मधेसमा ३

- बाँकी पृष्ठ ३ मा

## सम्पादकिय............

# लागुऔषधविरुद्ध परिणाममुखी अभियान आवश्यक

मधेश प्रदेशमा लागुऔषध कारोबार र दुर्व्यसन तीव्र रूपमा फैलिनु अब केवल सुरक्षा चुनौती मात्र होइन, सामाजिक र विकासको गम्भीर संकट पनि हो । प्रदेशका आठै जिल्लामा यसको सञ्जाल विस्तार हुँदै गएको छ । हालै सिरहाको लहान र धनुषाको ढल्केबरमा लागुऔषध कारोबारीलाई नियन्त्रण गर्न प्रहरीले गोली चलाउनुपरेको घटनाले समस्या कति जटिल बन्दै गएको छ भन्ने देखाएको छ ।

प्रहरीले हरेक वर्ष सयौं मुद्दा दर्ता गर्दै सयौं व्यक्तिलाई पक्राउ गरिरहेको छ । विद्यालय, समुदाय र बस्तीस्तरमा जनचेतनामूलक कार्यक्रम पनि सञ्चालन भइरहेका छन् । तर लागुऔषधको उपलब्धता र प्रयोग घट्नुको सट्टा बढ्दै जानुले अहिलेको रणनीति पर्याप्त प्रभावकारी नभएको पुष्टि गर्छ । पक्राउ गर्ने कार्य मात्र समाधान होइनह कारोबारको जालो तोड्ने, प्रयोगकर्तालाई उपचार र पुनर्स्थापनामा जोड्ने तथा युवालाई दुर्व्यसनतर्फ धकेलिने सामाजिक कारण हटाउने काम समानान्तर रूपमा अघि बढ्नुपर्छ ।

भारतसँगको खुला सीमाना तस्करीको एउटा प्रमुख माध्यम बनेको यथार्थलाई बेवास्ता गर्न सकिँदैन । त्यसैले संघीय सरकारले सीमा सुरक्षा, अन्तरदेशीय सूचना आदानप्रदान र कानुनी कार्यान्वयनलाई थप प्रभावकारी बनाउनुपर्छ । प्रदेश सरकारले अनुसन्धान क्षमता अभिवृद्धि, पुनर्स्थापना केन्द्र विस्तार र सम्बन्धित निकायबीच समन्वयलाई प्राथमिकता दिनुपर्छ । स्थानीय सरकारले विद्यालय, अभिभावक, नागरिक समाज र युवा क्लबसँग सहकार्य गरी निरन्तर सचेतना, निगरानी र जोखिममा परेका युवाको परामर्श तथा पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

लागुऔषधविरुद्धको लडाइँ प्रहरीको मात्र जिम्मेवारी होइन । यसमा परिवार, विद्यालय, समुदाय, सञ्चारमाध्यम र तीनै तहका सरकारको साझा प्रतिबद्धता अपरिहार्य छ । आजै परिणाममुखी कदम चाल्न सकिएन भने लागुऔषधले मधेसको युवा शक्ति, सामाजिक शान्ति र समृद्धिको आधारलाई नै कमजोर पार्नेछ ।

## राशिफल

मेष - न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ला ।
वृष - साथीभाइको सहयोगले उत्साह मिल्नेछ ।
मिथुन - आम्दानी बढाउने काम सुरु हुनेछ ।
कर्कट - जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ ।
सिंह - अतिथिका रूपमा सत्कार पाइनेछ ।
कन्या - भेटघाटले दिन रमाइलो रहनेछ ।
तुला - तालमेल नमिल्दा योजना अधुरै रहनेछ ।
वृश्चिक - ईर्ष्या गर्नेहरू सक्रिय रहनेछन् ।
धनु - अरु फाइदा उठाउने चेष्टा गर्नेछन् ।
मकर - सानातिना काममै अल्झनुपर्नेछ ।
कुम्भ - प्रतिफल हातपार्न समय लाग्नेछ ।
मिन - काम प्रारम्भ गर्ने बेला छ ।

# वीरगन्जका अस्पतालमा अनिश्चितकालीन हडताल

द पब्लिक टुडे समाचारदाता

*पर्सा, साउन १० गते ।*




नारायणी अस्पताल वीरगन्जमा उपचारका क्रममा बिरामीको मृत्यु भएपछि भएको तोडफोड र चिकित्सकमाथिको कुटपिटको विरोधमा वीरगन्जका सरकारी तथा निजी अस्पतालका चिकित्सकहरूले आइतबारदेखि अनिश्चितकालीन हडताल सुरु गरेका छन् । आन्दोलनका कारण नारायणी अस्पतालसहित सरकारी, सामुदायिक, निजी अस्पताल र मेडिकल कलेजमा आकस्मिक सेवासमेत प्रभावित भएको छ ।

शनिबार अस्पतालको आकस्मिक कक्षमा ल्याइएका वीरगन्ज महानगरपालिका-२५ का ४५ वर्षीय राजकुमार पटेलको उपचारका क्रममा मृत्यु भएपछि आफन्त र गाउँलेले आक्रोशित भई अस्पतालको आकस्मिक कक्षमा तोडफोड गर्नुका साथै उपचारमा संलग्न डा प्रमोद राममाथि निर्घात कुटपिट गरेका थिए । गम्भीर घाइते डा राम अहिले अस्पतालको आईसीयूमा उपचाररत छन् ।

घटनापछि शनिबार साँझ अस्पताल प्रशासन, पीडित पक्ष र प्रहरी प्रशासन बसेर घटनाको छानबिन गर्न ६ सदस्यीय समिति गठन गरेको थियो ।

साथै आकस्मिक कक्षमा कार्यरत डा प्रमोद राम, डा रामकिशोर सिंह, स्वास्थ्यकर्मीहरू प्रह्लाद प्रसाद, नरेशकुमार चौधरी र आस्था यादवलाई एक साताका लागि निलम्बन गर्ने निर्णय गरिएको थियो । यही निर्णयप्रति असन्तुष्टि जनाउँदै नेपाल चिकित्सक संघ, नारायणी शाखाको आह्वानमा आइतबारदेखि वीरगन्जका सम्पूर्ण सरकारी तथा निजी अस्पतालका चिकित्सकहरू आन्दोलनमा उत्रिएका हुन् । संघका अध्यक्ष डा मनोजकुमार गुप्ताको अध्यक्षतामा बसेको बैठकले माग पूरा नभएसम्म आकस्मिक सेवासमेत बहिष्कार गर्दै सम्पूर्ण उपचार सेवा बन्द गर्ने निर्णय गरेको जनाएको छ ।

संघले अस्पतालमा तोडफोड तथा चिकित्सकमाथि भएको आक्रमणमा संलग्नलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०७९ (संशोधनसहित) बमोजिम तत्काल मुद्दा दर्ता गरी कडा कारबाही गर्न माग गरेको छ । त्यस्तै, घटनापछि निलम्बन गरिएका पाँचै जना चिकित्सक तथा स्वास्थ्यकर्मीको निलम्बन तत्काल फिर्ता लिन, छानबिन समिति खारेज गर्न तथा चिकित्सक र स्वास्थ्य संस्थामाथि हुने अनधिकृत हस्तक्षेप, अनावश्यक दबाब र सार्वजनिक रूपमा गरिने चरित्रहत्या जस्ता गतिविधि रोक्न पनि संघले माग गरेको छ । चिकित्सक तथा स्वास्थ्यकर्मीले कुनै डर, धम्की वा दबाबबिना सुरक्षित वातावरणमा पेसागत दायित्व निर्वाह गर्न सक्ने गरी प्रभावकारी सुरक्षा व्यवस्था सुनिश्चित गर्नुपर्ने मागसमेत संघले अघि सारेको छ । माग सम्बोधन नभएसम्म आन्दोलन जारी रहने संघले जनाएको छ ।

## लागूऔषधविरुद्ध अभियान...

सीमावर्ती भारतीय बजारमा पुगेर लागूऔषध सेवन तथा खरिद गरी नेपाल ल्याउने युवाको संख्या बढ्दो रहेको छ । प्रहरीले सीमा नाकामा ओहोरदोहोर गर्ने युवालाई लक्षित गरेर चेकजाँच कडा गरेसँगै अधिकांशको साथबाट केही न केही मात्रामा लागूऔषध बरामद हुने गरेको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले बताए ।

लागूऔषध सेवन तथा कारोबारको आरोपमा पक्राउ पर्नेमा अधिकांश २० देखि ३० वर्ष उमेर समूहका युवा रहेका छन् । अभिभावकविहीन युवा लागूऔषधको कुलतमा फसेको उनले बताए ।

पढाइ छोडेर बसेका, काम नपाएर फुर्सदमा रहेका युवा साथीको बहकाउमा परेर दुर्व्यसनमा फस्ने गरेको प्रहरी नायब महानिरीक्षक अधिकारीले बताए ।

'यसअघि प्रायः युवा मात्रै लागूऔषधको दुर्व्यसनमा फसेका जस्तो लाग्थ्यो,' उनले भने, 'हिजोआज बालबालिका, किशोरकिशोरी र महिला पनि यसमा फसेका भेटिन्छन् । छोरालाई प्रहरीले पक्राउ गरेर मुद्दा चलाउँदा पनि अभिभावकले आफ्ना सन्तान लागूऔषधको कुलतमा फसेको पत्याउँदैनन् । लागूऔषध दुर्व्यसनबाट बच्न अभिभावक, विद्यालय, शिक्षक र परिवार आफैं सचेत हुनुपर्छ ।'

## तीन दलीय गठबन्धन...

दलकै सरकारले निरन्तरता पाउने बताए ।

उनले भने, 'केन्द्रमा अस्ति पुगेर बैठक, छलफल गरेर आएका छौं । आज बिहान पनि पार्टी हाम्रो पार्टीको सभापतिसँग कुरा भयो । प्रदेशमै मिलाएर लैजानुस् भन्नुभएको छ ।' प्रदेशको सत्ता गठबन्धनमा रहेका दलसँग सहमति भइसकेकाले यही सरकारले निरन्तरता पाउनेमा विश्वस्त रहेको उनले बताए ।

आफ्नो पार्टीका केन्द्रीय नेतृत्वले प्रतिपक्षबिहीन प्रदेश सरकारको परिकल्पना गर्न नसकिने भनेर तीन दलीय गठबन्धन अस्वीकार गरे पनि मधेसको हकमा त्यो लागु नहुने मुख्यमन्त्री यादवले प्रस्ट पारे । अन्य प्रदेशमा यिनै तीन दलमध्ये कुनै एउटा दल बलियो प्रतिपक्ष रहेको जिकिर गर्दै उनले मधेसमा कांग्रेस, एमाले र नेकपा नै सरकारमा जाँदासमेत जसपा नेपाल बलियो प्रतिपक्षका रूपमा रहेकाले यहाँ तीन दलीय गठबन्धन बनाउनु केन्द्रको नीति विपरीत नरहने पनि प्रस्ट पारे ।

उनले भने, 'मधेसमा प्रतिपक्ष बलियो छ, प्रतिपक्ष लगायत सबैको सहमतिमा हामीले बजेट पारित गरेका छौं ।'

मुख्यमन्त्री यादवले मधेसमा यही सरकारले निरन्तरता पाउने दाबी गर्दै अगाडि भने, 'गठबन्धनमा रहेका दलहरू बिच पनि पहिले नै सहमति भइसकेको छ ।' रातारात केही भए अर्कै कुरा, अन्यथा अहिलेसम्मको सिनारियोले मधेसमा अन्य प्रदेशजस्तो सरकार ढल्ने या परिवर्तनको सम्भावना नरहेको उनले प्रस्ट पारे ।

## मधेशको कैलाश...

कार्यक्रममा बोल्दै संघका अध्यक्ष कार्कीले धार्मिक तथा सामाजिक उत्तरदायित्वलाई आत्मसात गर्दै टुटेश्वरनाथ महादेव मन्दिरमा सञ्चालन हुने सेवामूलक कार्यमा उद्योग वाणिज्य संघले निरन्तर सहकार्य गर्दै आएको बताए । उनले आगामी दिनमा पनि मन्दिरको धार्मिक तथा सामाजिक गतिविधिमा संघको सहयोग र सहकार्य जारी रहने प्रतिबद्धता व्यक्त गरे । 'संघको तर्फबाट यो पहिलो चरणको सहयोग हो । हामी व्यवसायीहरुसँग समन्वय गरेर थप सहयोग हस्तान्तरण गर्छौं,' अध्यक्ष कार्कीले भने । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष यादवले श्रावणी बोलबम मेलाको समयमा गरिएको खाद्यान्न सहयोगले भण्डारा व्यवस्थापनमा ठूलो राहत पुगेको बताए । श्रावण महिनामा टुटेश्वरनाथ महादेव मन्दिरमा नेपालका विभिन्न जिल्ला तथा भारतका विभिन्न स्थानबाट दैनिक हजारौं बोलबम यात्री र श्रद्धालु भक्तजन दर्शन, पूजा-आराधना तथा जलाभिषेकका लागि पुग्ने गरेका छन् । विशेषगरी सोमबारीका दिन मन्दिरमा भक्तजनको उल्लेख्य भीड लाग्ने गरेको छ ।

श्रद्धालु भक्तजन तथा साधुसन्तको सुविधालाई ध्यानमा राख्दै मन्दिर परिसरमा भण्डारासहित स्वास्थ्य, सुरक्षा, खानेपानी तथा अन्य आवश्यक व्यवस्थापनसमेत गरिएको छ । श्रावणी मेलाका कारण टुटेश्वरनाथ क्षेत्र अहिले धार्मिक आस्था, साधुसन्त र बोलबम यात्रीको चहलपहलले भरिभराउ बनेको छ ।

## मधेशका गृहमन्त्री : जहाँ पुग्यो...

चलाइयो । मुद्दा अझै किनारा लागिसकेको छैन । साहका अनुसार, उक्त क्षेत्रका सबै व्यापारीले आफैंले सडकपेटीमा पर्ने संरचना तथा सामान हटाउने मन्त्रीसँग बताएका थिए । तर, मन्त्रीले मानेनन् । "हामीले हटाउने तयारी गरिसकेका थियौं । सबैजनाले आफैं हटाउँछौं, डोजरले भत्काउँदा धेरै क्षति हुन्छ भनी मन्त्रीजीसँग अनुरोध गरेका थियौं,'' उनले भने, ''तर, मन्त्रीजीले आफैं हटाउने हो भने डोजरको के काम ? भनेपछि सामान्य होहल्ला भएको थियो ।" पसलको छाउनी (टहरा) आफैं हटाउँछु भन्दा जबर्जस्ती पक्राउ गर्न लगाइएको उनी जिकिर गर्छन् । उनले भने, ''सत्य बोल्नु अपराध भयो । व्यापार, व्यवसाय गर्नु प्रदेशका गृहमन्त्रीको नजरमा अपराध भयो । आफ्नो जमिनको संरचना नभत्काउँदा अपराध भयो ।''

**झेल्दै मानसिक यातना**

अमित साह ४३ वर्षका भए । उनले त्यसअघि कहिल्यै मुद्दामामिला खेप्नुपरेको थिएन । सामान्य रूपमा व्यापार, व्यवसाय गरेर जीवन निर्वाह गरिरहेका थिए । तर, १८ दिन थुनामा बसेपछि आफू मानसिक रूपमा कमजोर र दबाबमा रहेको उनी बताउँछन् । "सबैभन्दा बढी तनाव त बिनाकसुर थुनामा गएँ, त्यसकै हुन्थ्यो," उनले भने, "त्यसपछि घरपरिवार, छोराछोरी र आफन्तलाई पनि तनाव भयो ।" बिनाकारण पक्राउ गरी मन्त्रीले हस्तक्षेप गरेको अमितको बुझाइ छ । "बिनाकारण परिवारले तनाव झेल्नुपर्‍यो," उनले भने, "मैले थुनामा बस्नुपर्‍यो । यो कुन कानुन हो, जहाँ सत्य बोल्दा थुनामा जानुपर्छ ?"

यता, गृहमन्त्री महतोले यो पहिलो चरणको अनुगमन भएको बताए । 'तपाईहरुले आफ्नो तर्फबाट सबै होटलहरुलाई वार्निङ दिईहाल्नुस् । त्यतिबाट पनि सुध्रिएन भने अर्को पटक अनुगमन गर्दा तीन लाख फाइन गर्छु,' बर्दिबासमा होटल अनुगमनपछि गृहमन्त्री महतोले व्यवसायीसँग भने 'अब शिक्षा, स्वास्थ्य क्षेत्रमा पनि अनुगमन गर्छु ।'

# लागूऔषधविरुद्ध अभियान, २,८११ जना पक्राउ

**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, साउन १० गते ।*



प्रतिबन्धित लागूऔषध नियन्त्रणका लागि प्रहरीले मधेस प्रदेशमा विशेष अभियान चलाएपछि लागूऔषध सेवनकर्ता र कारोबारी धमाधम पक्राउ पर्न थालेका छन् ।

लागूऔषधविरुद्धको अभियानअन्तर्गत प्रहरीले नियमित जाँच गर्न थालेपछि मधेस प्रदेशका आठवटै जिल्लामा गाँजा, चरेस, अफिम, ब्राउन सुगरलगायत लागूऔषध कारोबारमा संलग्न व्यक्ति पक्राउ पर्न थालेका हुन् ।

सङ्गठित अपराध तथा लागूऔषधविरुद्ध अभियान चलाएको प्रहरीले मधेस प्रदेशका आठवटै जिल्लाबाट ठूलो परिमाणमा लागूऔषध पनि बरामद गर्दै आएको छ ।

मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार बितेका तीन आर्थिक वर्षमा मधेस प्रदेशमा विभिन्न प्रकारका लागूऔषधसहित दुई हजार ८११ जना पक्राउ परेका छन् भने दुई हजार १२१ वटा लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएका छन् । उक्त अवधिमा दुई हजार ५५४ नेपाली, २५३ भारतीय र एक विदेशी नागरिकसहित दुई हजार ८११ जना पक्राउ परेको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रभुप्रसाद ढकालले जानकारी दिए ।

बितेको आर्थिक वर्षमा मधेस प्रदेशमा लागूऔषधसहित प्रहरीले ७८६ नेपाली, ८४ भारतीय र एक विदेशी गरी ८७१ जनालाई पक्राउ गरेको छ भने ६३० वटा लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएका छन् ।

यसैगरी, सो अवधिमा १५ हजार ३८२ किलोग्राम गाँजा, ५१६ ग्राम ब्राउन सुगर, २७२ किलोग्राम चरेस, तीन किलोग्राम अफिम, दुई हजार ८३१ ग्राम हिरोइन, चार लाख ७३ हजार ४८५ वटा ट्याब्लेट, दुई हजार ११८ सिरफ र १८ हजार १२५ इन्जेक्सन बरामद भएको प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक ढकालले बताए ।

उनका अनुसार अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा लागूऔषधसहित ८३६ जना पक्राउ पर्दा ५८५ वटा लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएका थिए । त्यस क्रममा १६ हजार ५७३ किलोग्राम गाँजा, ६१ ग्राम ब्राउन सुगर, ५०५ किलोग्राम चरेस, ४५ किलोग्राम अफिम, दुई हजार ७०५ ग्राम हिरोइन, तीन लाख ७० हजार ४४२ वटा ट्याब्लेट, सात हजार ५०४ सिरफ र ६१ हजार ३३३ इन्जेक्सन बरामद भएको थियो ।

यसअघि आर्थिक वर्ष २०८०/८१ मा प्रहरीले मधेस प्रदेशबाट लागूऔषधसहित एक हजार १०४ जनालाई पक्राउ गरेको थियो भने ७९७ वटा लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएका थिए । सो आर्थिक वर्षमा आठ हजार ५३९ किलोग्राम गाँजा, ५९४ ग्राम ब्राउन सुगर, १२१ किलोग्राम १४६ ग्राम चरेस, एक ग्राम अफिम, एक हजार १३१ ग्राम ७ हजार १११ मिलिग्राम हिरोइन, ४९ हजार ८८८ वटा ट्याब्लेट, तीन हजार ४१६ सिरफ र ५४ हजार ४०४ इन्जेक्सन बरामद भएको थियो ।

खुला सीमाको फाइदा उठाउँदै नेपाल-भारत सीमा जोड्ने विभिन्न नाकाका औषधि पसलबाट सहजै ल्याइने लागूऔषध राजधानी काठमाडौंसम्म पुग्ने गरेको छ ।

*- बाँकी पृष्ठ ३ मा*

# निर्मला पन्त हत्याको आठ वर्ष बितिसक्दा पनि अनुसन्धान अधुरै

**राष्ट्रिय समाचार समिति**

*महेन्द्रनगर, साउन १० गते ।*

कञ्चनपुरको भीमदत्त नगरपालिका-२ की १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्या भएको प्रकरण आठ वर्ष पुगिसक्दा पनि प्रहरीको अनुसन्धान पूरा हुन सकेको छैन ।

आठ वर्षअघि (२०७५ साउन १०) निर्मलाको बलात्कारपछि हत्या गरिएको अवस्थामा शव निम्बुखेडाको उखुबारीमा भेटिएको थियो ।

राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमै चासोको विषय बनेको निर्मला प्रकरणमा प्रहरी संयन्त्र निरन्तर अनुसन्धानमा रहे पनि हत्यारा नजिक पुग्न सकेको छैन । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका साथै प्रहरीको माथिल्लो तहबाट प्रहरी वरिष्ठ उपरीक्षकको नेतृत्वमा टोली अझै पनि घटनामा विभिन्न कोणबाट अनुसन्धानरत छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले निर्मला प्रकरणमा प्रहरीको अनुसन्धान जारी रहेको बताए ।

“यो प्रकरणमा प्रहरी सङ्गठनले सघन रुपमा लामो समयदेखि अनुसन्धान गर्दैछ,’ प्रवक्ता रावतले भने, ’प्रहरी प्रधान कार्यालय र प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोबाट पनि गम्भीर चासोका साथ विभिन्न कोणबाट अनुसन्धान जारी छ ।’

हरेकजसो सरकार गठन हुँदा निर्मलाको न्यायका लागि आवाज उठाउँदै आएको प्रकरण पनि हो । निर्मला प्रकरणले उग्ररुप लिँदा महेन्द्रनगरमा आन्दोलनमा प्रहरीको गोली लागेर भीमदत्त नगरपालिका-१८ भगतपुरका सन्नी खुनाले ज्यान गुमाएका थिए। सयौँ व्यक्ति अनुसन्धानको घेरामा ल्याएको प्रहरीभित्र पनि डिएनए परीक्षणदेखि सुरक्षाकर्मीसमेत अनुसन्धानमा तानिएका थिए । माथिल्लो तहबाट छानबिन समिति गठन हुनेदेखि राज्यले गम्भीर भएर घटनाको अनुसन्धान जारी राखेको भए पनि अभियुक्तको पहिचान गरी कानूनी दायरामा ल्याउन भने आठ वर्ष बित्दा समेत सकिएको छैन ।

# माटो जोगाउन प्रांगारिक मल प्रयोग गरौं : मन्त्री चौधरी

**द पब्लिक टुडे समाचारदाता**

*काठमाडौं, साउन १० गते ।*

कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरीले माटोको स्वास्थ्य सुधारलाई दिगो कृषि विकासको आधार भन्दै किसानलाई प्राङ्गारिक मलको प्रयोग बढाउन आग्रह गरेकी छिन् ।

धनुषा जिल्लाको कृषि गतिविधिको स्थलगत अनुगमनका क्रममा मन्त्री चौधरीले किसानको घरदैलोमा पुगेर माटो सुधार, उत्पादन वृद्धि र वातावरणमैत्री कृषि प्रणालीका विषयमा छलफल गरेकी हुन् ।

मन्त्री चौधरीले धनुषा भ्रमणका क्रममा लक्ष्मीनियाँ गाउँपालिका-७ स्थित महिला साना किसान कृषि सहकारी संस्था लिमिटेडअन्तर्गत संचालित कस्टम हायरिङ सेन्टर, बटेश्वर गाउँपालिका-५ शान्तिपुरस्थित अन्नपूर्ण माछापालन कम्पनी प्रा.लि. तथा चित्रनगरस्थित आँप बगैंचाको अवलोकन गरेकी थिइन् ।

किसानसँगको भेटमा उनले स्थानीय स्रोतबाट उत्पादन हुने गोठे मल, कम्पोस्ट तथा अन्य प्राङ्गारिक मलको प्रयोग विस्तार गर्न आग्रह गरिन् । “माटो सुधार नै कृषि सुधारको आधार हो । स्थानीय स्रोतबाट बनेका गोठे मल र प्राङ्गारिक मलको प्रयोग बढाउन सबै किसानलाई आग्रह गर्दछु,” मन्त्री चौधरीले भनिन् ।

उनले प्राङ्गारिक मलको प्रयोग बढाउँदा रासायनिक मलमाथिको निर्भरता घट्ने, उत्पादन लागत कम हुने, वातावरण संरक्षणमा सहयोग पुग्ने तथा माटोको दीर्घकालीन उर्वराशक्ति कायम राख्न मद्दत पुग्ने बताइन् ।

लक्ष्मीनियाँस्थित कस्टम हायरिङ सेन्टरको निरीक्षण गर्दै मन्त्री चौधरीले महिला कृषकहरूको सक्रियताको प्रशंसा गरिन् ।

आधुनिक कृषि उपकरण किसानलाई सहुलियत दरमा उपलब्ध गराउने यस्ता केन्द्रहरूले कृषि आधुनिकीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने उनको भनाइ थियो ।

त्यस्तै, अन्नपूर्ण माछापालन कम्पनी प्रा.लि.को निरीक्षणका क्रममा उनले व्यावसायिक मत्स्यपालन, माछाको भुरा, दाना तथा आवश्यक औषधि उत्पादन र आपूर्तिमा कम्पनीले खेलेको भूमिकाको प्रशंसा गरिन् ।

मन्त्री चौधरीले स्थानीय मत्स्य व्यवसायलाई थप सुदृढ बनाउन यस्ता प्रयासलाई प्रोत्साहन गर्नुपर्ने बताइन् ।

# मधेशको कैलास टुटेश्वरमा बोलबम मेलाको रौनक

## धार्मिक पर्यटनसँगै व्यापार पनि फस्टाउँदै

**रोहित यादव**

*बर्दिबास, साउन १० गते ।*



महोत्तरीको बर्दिबास नगरपालिका-५ स्थित मधेसको कैलासका रूपमा परिचित टुटेश्वरनाथ महादेव मन्दिर परिसरमा सञ्चालन भइरहेको श्रावणी बोलबम मेलाले धार्मिक आस्थासँगै व्यापारिक गतिविधिलाई पनि चलायमान बनाएको छ ।

मेलामा नेपाल तथा भारतका व्यापारीहरूले मिठाइ, चिउरा, खाद्यान्न, पूजा सामग्री, सौन्दर्य सामग्री, हस्तकलाका वस्तु, खेलौना, लत्ताकपडालगायतका सामग्री बिक्रीका लागि करिब ३०० व्यावसायिक स्टल सञ्चालन गरेका छन् ।

साउन महिनाभर दर्शनका लागि आउने हजारौं श्रद्धालुलाई लक्षित गरी व्यापारीहरूले आफ्ना पसल सजाएका छन् ।

मेला व्यवस्थापन समितिका अनुसार स्टलको आकार, स्थान र प्रकृतिअनुसार रु. १,५०० देखि रु. २५,००० सम्म शुल्क निर्धारण गरिएको छ । बोलबम मेलाले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउनुका साथै धार्मिक पर्यटन प्रवर्द्धनमा समेत महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ ।

“स्वस्थ दाँत, उज्यालो मुस्कान”का लागि एकमात्र स्थान

**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
९८४४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिह( न ९ बजेदेखि साँझ ५ बजेसम्म

**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

**जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं**

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री